जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ३८ • २०८३ साल आषाढ १३ गते शनिबार (27 June, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

'मैले गुट र टिके अभ्यास नहोस् भनेर प्रयास गरें'



टुडे समाचारदाता

जनकपुरधाम । सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को प्रथम महाधिवेशनमा महामन्त्री पदमा पराजित भएका प्रतिनिधिसभा सदस्य मनिष झाले पार्टीभित्र गुट र टिके राजनीतिक अभ्यास नहोस् भनेर आफूले प्रयास गरेको बताएका छन् ।

रास्वपा महामन्त्री पदमा ४ जनाबीच प्रतिस्पर्धा हुँदा विपिनकुमार आचार्य निर्वाचिन भएका थिए ।प्रतिनिधिसभा सदस्य झाले भने, 'मेरो लागि निर्वाचन लोकतान्त्रिक प्रक्रिया हो । रास्वपामा गुट र टिके राजनीतिक अभ्यास नहोस् भनेर गरिएको एक प्रयास थियो । नेतृत्वले स्वीकार गरेर निर्वाचन प्रक्रियालाई अगाडि बढाइदिनु भयो, आभारी छु,' निर्वाचन परिणाम आइसकेपछि उनले भने, ' महाधिवेशनमा पदाधिकारी चयनको लागि भएको निर्वाचनमा म पराजित भएको छु र म यो परिणाम स्वीकार गर्छु । मेरो मित्र विपिनलाई बधाई छ, मेरो अनुभव र क्षमताले सकेसम्म सहयोग गर्ने छु ।' उनले आजदेखि केवल केन्द्रीय सदस्य र सांसदको रूपमा सक्रिय रहने पनि बताए । झा यसअघि पार्टी प्रवक्ता थिए ।

## रास्वपाको प्रथम महाधिवेशन

# पदाधिकारीको निर्वाचन सम्पन्न, केन्द्रीय समितिमा झण्डै आधा महिला

टुडे समाचारदाता

भरतपुर । सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो राष्ट्रिय महाधिवेशनअन्तर्गत सभापतिबाहेक पाँच पदाधिकारीका लागि भएको निर्वाचनको मतपरिणाम सार्वजनिक भएको छ । निर्वाचनबाट उपसभापतिमा सविता गौतम, महामन्त्रीमा विपिन आचार्य, सहमहामन्त्रीमा हरि ढकाल, असिम शाह र महिला सहमहामन्त्रीमा निशा डाँगी निर्वाचित भएका छन् ।

उपसभापतिको निर्वाचनमा सविता गौतमले ७८९ मत प्राप्त गर्दै डा. तोसिमा कार्कीलाई पराजित गरिन् । कार्कीले ५७२ मत प्राप्त गरिन् । यसअघि अर्थमन्त्रीसमेत रहेका स्वर्णिम वाग्ले उपसभापतिमा निर्विरोध निर्वाचित भइसकेका थिए ।

महामन्त्री पदमा विपिन आचार्य विजयी भए । उनका प्रतिस्पर्धी पार्टीका प्रवक्ता मनिष झाले मतपरिणाम सार्वजनिक भएपछि आचार्यलाई बधाई दिएका थिए । झालाई हराउनका लागि आकांक्षीहरुले अन्तिम समयमा आचार्यलाई समर्थन गरेका थिए । त्यस्तै सहमहामन्त्रीतर्फ हरि ढकाल र असिम शाह निर्वाचित हुँदा महिला सहमहामन्त्रीमा निशा डाँगी विजयी भएकी छन् ।

यसैबीच, महाधिवेशनबाट निर्वाचित ९९ सदस्यीय केन्द्रीय कार्यसमितिमा ४९ जना महिला निर्वाचित भएका छन् । यससँगै नयाँ केन्द्रीय समितिमा महिलाको प्रतिनिधित्व ४९.४९ प्रतिशत पुगेको छ, जुन दलको नेतृत्व तहमा उल्लेखनीय लैंगिक सहभागिताका रूपमा हेरिएको छ ।



निर्वाचन आयोगका अनुसार ९९ सदस्यीय कार्यसमितिमा ५० पुरुष र ४९ महिला निर्वाचित भएका छन् । रास्वपाको विधानअनुसार केन्द्रीय कार्यसमितिमा प्रत्यक्ष निर्वाचित सभापति, ९९ निर्वाचित केन्द्रीय सदस्य, सभापतिबाट मनोनित ५१ सदस्य तथा सातै प्रदेशका प्रदेश सभापति पदेन सदस्य रहने व्यवस्था छ । यसका साथै, सभापति पदमा उम्मेदवारी दिएर कुल मतको कम्तीमा १० प्रतिशत मत प्राप्त गर्ने उम्मेदवार स्वतः केन्द्रीय सदस्य बन्न सक्ने प्रावधान पनि रहेको छ ।

निर्वाचित ९९ केन्द्रीय सदस्यमध्ये ३५ जना प्रदेशबाट र ६४ जना राष्ट्रिय स्तरबाट चयन भएका छन् । प्रदेशतर्फ प्रत्येक प्रदेशबाट पाँच जनाका दरले प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । जसमा कम्तीमा दुई महिला अनिवार्य रहने प्रावधान छ ।

प्रदेशगत रूपमा बागमतीबाट निर्वाचित पाँचै जना केन्द्रीय सदस्य महिला रहेका छन् । कोशी, मधेश, लुम्बिनी र कर्णालीबाट चार-चार जना महिला निर्वाचित भएका छन् भने गण्डकी र सुदूरपश्चिमबाट दुई-दुई जना महिला निर्वाचित भएका छन् ।

महिलाहरू कोटामा मात्र सीमित नभइ प्रतिस्पर्धाबाट विजयी हुनु सकारात्मक सन्देश भएको कर्णालीबाट निर्वाचित केन्द्रीय सदस्य विनिता कठायतले बताइन् । अधिवक्ता विनिता बोगटीले पनि पार्टीको नेतृत्व तहमा झण्डै आधा महिला पुग्नु समावेशी राजनीतिका दृष्टिले महत्वपूर्ण उपलब्धि भएको टिप्पणी गरिन् । रास्वपाका प्रदेश सभापति मदन खड्काले पनि महिलाको बढ्दो सहभागितालाई स्वागतयोग्य बताएका छन् ।

यता, पदाधिकारी निर्वाचनका क्रममा मतदान समयभित्र मतदान गर्न नपाएको भन्दै केही प्रतिनिधिले चितवन प्रदर्शनी केन्द्रस्थित मतदानस्थल बाहिर धर्ना दिएका छन् । उनीहरूले मतदानका लागि समयमै पालो नपाएको गुनासो गरेका हुन् । निर्वाचन आयोगका अनुसार उपसभापति, महामन्त्री र सहमहामन्त्री पदका लागि भएको दोस्रो चरणको मतदानमा करिब १२०० देखि १३०० मत खसेको थियो । आयोगले प्रतिनिधिहरूको गुनासोबारे आवश्यक जानकारी संकलन गरिरहेको जनाएको छ ।

## मधेशीलाई मतदानबाट वञ्चित गरेको प्रतिनिधिको आरोप

टुडे समाचारदाता

भरतपुर । सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को पदाधिकारी निर्वाचनमा ढिला आएका प्रतिनिधिहरूले भोट हाल्न नपाएको भन्दै चितवन प्रदर्शनी केन्द्रको हल बाहिर धर्नामा दिएका छन् ।

शुक्रबार पदाधिकारीका लागि भएको निवार्चनमा मतदान गर्न नपाएको भन्दै उनीहरू धर्नामा बसेका हुन् ।

उपसभापति, महामन्त्री र सहमहामन्त्रीका लागि दोस्रो चरणको मतदान भएको थियो । निर्वाचन आयोगका अनुसार पदाधिकारीको मतदानमा १२/१३ सयको हाराहारीमा मत खसेको छ । जबकी महाधिवेशनमा साढे चार हजारभन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

रास्वपा महाधिवेशन स्थलमा पदाधिकारीको लागि मतदान गर्न रौतहटबाट आएका प्रतिनिधि महाधिवेशन स्थल प्रवेश गर्न नपाएपछि महाधिवेशन स्थलमै उनीहरु धर्नामा बसेका छन् ।

९९ जना केन्द्रीय सदस्यलाई मतदान गरी बिहीबार नै घर गएका रौतहटका महाधिवेशन १० जना महाधिवेशन प्रतिनिधि ५ बजेर २ मिनेट जाँदा महाधिवेशन हलको गेटमा आइपुगेका थिए ।

तर उनीहरू आउँदा आउँदै रास्वपाका कार्यकर्ताहरुले नै गेट बन्द गरेका थिए । त्यसपछि भोट हाल्न मधेशीलाई नदिएको भन्दै उनीहरु आन्दोलनमै उत्रिए ।

उनीहरूलाई मतदानमा पठाउने भनेर लाइनमा राखिए पनि भित्र मतदान हलमा भने पठाइएन । सशस्त्र प्रहरीको सुरक्षा कडा सुरक्षा मतदान हलको स्थलको ढोकामा राखिएको थियो ।

## एमाले र जसपासंग सहकार्यको संकेत

# सेना, रास्वपा र विदेशी हस्तक्षेपप्रति प्रचण्डको आशंका

टुडे समाचारदाता

विराटनगर । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेकपा एमाले र जनता समाजवादी पार्टी नेपालसंग सहकार्य गर्ने संकेत गरेका छन् ।

शुक्रबार विराटनगरमा आयोजित पार्टीको कोशी प्रदेशस्तरीय एकता बैठक तथा प्रशिक्षण कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले एमालेसंग तत्काल कार्यएकता हुने र जसपासंग सहकार्य हुन सक्ने बताए ।




जसपा नेपालसंग पनि सहकार्यका लागि छलफल भइरहेको भन्दै संयोजक प्रचण्डले अहिले नै चाहिँ एमाले र नेकपाबीच सहकार्य हुने सम्भावना बढेको बताए ।

संयोजक प्रचण्डले उक्त कुरा बोल्नुभन्दा केही दिनअघि ओली र प्रचण्डबीच लामो छलफल चलेको थियो । ओली र प्रचण्ड धेरै समयपछि अर्को एक कार्यक्रममा एउटै मञ्चमा देखिन पनि लागेका छन् । अझ त्यसमा माधव नेपाल र झलनाथ खनाल पनि सहभागी हुने भएका छन् ।

ओली र प्रचण्ड तत्काल कार्यगत एकता गरेर सहकार्य बढाउने र चुनावअघि पार्टी एकता गर्ने मोडालिटीमा छलफल चलाइरहेका छन् । उनीहरूको छलफलले मूर्त रूप भने लिइसकेको छैन । तथापि उनीहरू कार्यगत एकतामा सहमत भएको संकेतचाहिँ देखिन थालेका छन् ।

त्यस्तै अर्को प्रसंगमा संयोजक प्रचण्डले नेपाली सेना, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विदेशी शक्तिको भूमिकाप्रति गम्भीर आशंका व्यक्त गरे ।

उनले नेपालको शान्ति प्रक्रिया, संविधान र लोकतान्त्रिक व्यवस्थामाथि बाह्य शक्तिको हस्तक्षेप बढेको दाबी गरे । उनले १२ बुँदे समझदारीको क्रममा अमेरिकाले उक्त सहमति रोक्न प्रयास गरेको आरोपसमेत लगाए ।

प्रचण्डले नेपाली सेनाको संवेदनशीलता तथा केही अन्तरर्ाष्ट्रिय संस्थाको नेपालभित्रको गतिविधिमाथि पनि प्रश्न उठाए । उनका अनुसार यस्ता गतिविधि रणनीतिक उद्देश्यका साथ सञ्चालन भइरहेको हुन सक्छन् ।

रास्वपामाथि प्रहार गर्दै उनले उक्त पार्टी कुनै जनआन्दोलनबाट नभइ विदेशी शक्तिको प्रभावमा निर्माण भएको आरोप लगाए । उनले बारबरा फाउन्डेसन, टिओबी र अमेरिकन यूथ काउन्सिलजस्ता संस्थाले नेपालमा प्रभाव विस्तार गर्न भूमिका खेलेको दाबी गरे । तथापि, यी आरोपहरूको स्वतन्त्र पुष्टि भएको छैन ।

प्रचण्डले फागुन २१ गते सम्पन्न निर्वाचनको परिणाममाथि पनि प्रश्न उठाए । केही स्थानमा मतपेटिका साटिएको वा निर्वाचन प्रक्रियामा अन्य प्रकारको हेरफेर भएको हुन सक्ने आशंका व्यक्त गरे । तर, उनले त्यससम्बन्धी कुनै ठोस प्रमाण सार्वजनिक गरेनन् ।

उनले प्रतिगामी शक्तिले संविधान, संघीयता र समावेशी व्यवस्थामाथि प्रहार गर्न खोजेको आरोप लगाउँदै राष्ट्रपति रामचन्द्र पौडेलमाथि पनि दबाब सिर्जना भइरहेको भन्ने सूचना आफूले पाएको बताए ।

यसअघि नेपाल कम्युनिस्ट पार्टी एमाले संसदीय दलका नेता रामबहादुर थापा 'बादल' ले संसदमा नेपाली सेनाप्रति आक्रोश पोखेका थिए । नेता थापाकै शैलीमा प्रचण्डले पनि नेपाली सेनाको संवेदनशीलता, टिओबी, बारबरा फाउन्डेसन र अमेरिकन यूथ काउन्सिल जस्ता संस्थाहरूको नेपालभित्रको अस्वाभाविक सक्रियता रणनीतिक भएको भन्दै त्यसको काउन्टर गर्नुपर्ने बताए ।

प्रचण्डले गम्भीर र भू-राजनीतिक हस्तक्षेप हुने गरेको विषय कोट्याउँदै दिल्लीमा भएको १२ बुँदे सहमतिको विषयमा अमेरिकाले भिटो प्रयोग गर्न खोजे पनि नसकेको बताए । 'हामी जब ऐतिहासिक १२ बुँदे समझदारीको मस्यौदा तयार पार्न दिल्लीमा गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल र हामी सबै लागिरहेका थियौं, तत्कालीन समयमा संसारको एउटा 'सुपर पावर' भन्दै अमेरिकातर्फ संकेत गर्दै उच्च प्रतिनिधिहरू विशेष विमान चार्टर गरेर दिल्ली ओर्लिएका थिए ।

यसैबीच, प्रचण्डले वामपन्थी शक्तिबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै एमालेसंग संसद् र सडक दुवै मोर्चामा कार्यगत सहकार्य हुन सक्ने बताए । उनले महाधिवेशनमार्फत सक्षम युवा नेतृत्वलाई अवसर दिने प्रतिबद्धतासमेत व्यक्त गरे ।

पछिल्ला दिनमा एमाले र नेकपाबीच कार्यगत सहकार्यको सम्भावनाबारे छलफल अघि बढेको छ । स्रोतका अनुसार एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा अध्यक्ष प्रचण्डबीच केही साताअघि भेटवार्ता भएको थियो ।

प्रचण्डले विराटनगरमै एमालेसंग सहकार्यको सम्भावना रहेको संकेत दिएका छन् । आगामी असार १४ गते मदन भण्डारी फाउन्डेसनले आयोजना गर्ने 'नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठीमा ओली, प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल र उपेन्द्र यादव एउटै मञ्चमा सहभागी हुने कार्यक्रम छ ।

एमालेभित्र विद्या भण्डारीको सदस्यता नवीकरणपछि पार्टीभित्रको समीकरणमा परिवर्तन आएको छ । राजनीतिक वृत्तमा १४ असारको कार्यक्रमलाई वाम सहकार्यका दृष्टिले महत्वपूर्ण सन्देश दिने कार्यक्रमका रूपमा हेरिएको छ । यद्यपि, एमाले-नेकपा एकता वा औपचारिक सहकार्यबारे दुबै दलले हालसम्म कुनै आधिकारिक निर्णय सार्वजनिक गरेका छैनन् ।



# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। माइ-बाप: एक बरदान ।।

पैसा के लोभ लालच मे
माइ बापके लोक भुइल गेलाई
हइ अभी संस्कार रित इहे कि
लोक आब माइ बाप छोईर
कुत्ता के खाना दिय लग्लई ।
जे बृद्ध माइ बाप भेलई
ओकरा बस ताना दिया लग्लई
माई भु-मण्डल से भी बिसाल
बाप पुरा ब्रह्माण्ड होइहई
माइ हई प्रेम के सागर त्
बाप खुशीके भण्डार है।
हम जे जीवन के भोगी छि
ओइ जीवन के संघर्ष छि आहा
कि लोक अत्ते सभ्य बनल हई
संस्कार के मर्यादा भुइल गेलई।
जे बृद्ध माइ बाप भेलई
ओकरा बस ताना दिया लग्लई।।



सन्दिप कुमार महतो
बर्दिबास १२ बिजलपूरा

## ।। कुलतको भुमरीमा युवापुस्ता ।।

रोग लाग्दा शरीरमा निको पार्ने औषधि
चोट लाग्दा दुखाइ कम गर्ने पनि त्यही औषधि
अनावश्यक प्रयोग गर्दा, त्यही औषधिको
बर्बाद भएको छ यहाँ लाखौं मानिसको जिन्दगी ।
ज्ञान आर्जन गर्ने आशा बोकेर काँधमा
विद्यालय पोशाकमा सजिएर घरबाट निस्किन्छन्
विद्यालय जाने बहानामा कयौँ बालबालिका
फस्दै छन् लागूपदार्थको गहिरो भुमरीमा ।
किताब, कापी र कलम हुनुपर्ने ती कलिला हातमा
देखिन्छन् सलाई, ट्याबलेट र कुलतका सामान साथमा
अनुहारमा हाँसो हुनपर्ने कलिला मुहारमा यहाँ
देखिन्छ अब अन्धकार मात्र ।
जति भौतारिए ती बालबालिका
ती नसाको भरोसा र आडमा
जुट्नुपर्छ, उठ्नुपर्छ समस्याको समाधान गर्न
मिलाएर हात,भएर सबै एक साथ ।



लेखक : पर्वत राज रखाल (पर्खाल धनुषा )
ठेगाना : ग. चा.न.पा.१ (धनुषा)

## ।। गन्दा राजनीति ।।

हाम्रो गाउँमा नामको मात्रै यो पार्टी त्यो पार्टी हुन्छ!
भित्र हेर्दा आफन्त जातकै आधारमा राजनीति हुन्छ।
विकासका कुरा गर्छन दुई कौरीभाषणमा सपना बाँडछन!
गाउँ तिर चुनाव सकिएपछि फेरि उही स्वार्थी नीति हुन्छ!!
जहिले नि आफ्नै मान्छे रोज्ने होडमा गाउँ नै टुक्रिन्छ!!
नाता गोता जातै हुने कस्तो प्रवृत्ति जहिले पनि तेही हुन्छ!!
स्कुल,मन्दिर, चौतारो, मेलामा पनि विभाजन देखिन्छ!
मनहरू जोड्नुपर्ने ठाउँमा जहिले घृणाको मात्र खेती हुन्छ!!
गरिब असहायको आँसु कसैले देख्न चाहँदैन यहाँ!
कुर्सी पावोरको खेलमा मात्रै नेताको व्यस्तता हुन्छ!!
यहाँ सत्य बोल्ने मान्छे, यहाँ सधैं एक्लो पारिन्छ!
मात्र झुट र चाकडी गर्नेको मात्रै उच्च प्रतिष्ठा हुन्छ!!
यहाँ जनताको दु:ख बेचेर भाषणमा क्रान्ति बाँडिन्छ!
भित्र-भित्रै गाउँ लुटनेहरूको मौन यहाँ सहमति हुन्छ!!
महोदय कहिले आउला त्यो दिन, गाउँ एक भएर उठने!
जहाँ मात्र मान्छेको मूल्य होस, न जात न पार्टी हुन्छ!!



नाम :- सुनिल कुमार मंडल
श्री उ.मा.बि प्रितपुर पर्वता ९ धनुषा
हाल :- धनुषाधाम न.पा वडा नं ५ पर्वता धनुषा

## ।। विदेश ।।

मातृभूमिबाट बिदा भई उज्यालो सपनाको खोजीमा
परिवारमा खुसी साटासाट हुँदा,
एक सदस्यको कमीमा
देशमा सुविधाको अभावले,परिवारमाथि
थपिएको ऋण
घरका सदस्यहरु कुरा गर्दा मनमा बल्झिन्छ
त्यही ऋण
क्षमतावान् कर्णधारहरु विदेश जाँदा
नेपाल  आमा रुने
चाडपर्वमा रित्तो आँगन देख्दा,घरका परिवार रुने
शिक्षा र पैसाको लोभमा पर्दा,
शरीरको थकान नै बिर्सिए
आफ्नो क्षमतालाई बुलन्द गर्दा, मातृभूमि नै बिर्सिए
गाउँ र देश रितिँदा, कति नरमाइलो लाग्ने
भिडमा कसैले घरदेश सोध्यो भने,
मन खिन्न हुन



बिरेन्द्र कुमार चौधरी
धनुषा, हरिहरपुर

## ।। आमा - जीवनको पहिलो भगवान् ।।

आमा तिमी जीवनको उज्यालो,
मायाको अथाह सागर हौ।
तिम्रो काखमा हुर्किएको बालपन,
मेरो जीवनको सबैभन्दा ठूलो धन हो।
नौ महिना कोखमा बोकेर,
असह्य पीडा सहेर जन्म दियौ।
आफ्नो सुख त्यागेर सधैं,
मेरो भविष्य उज्यालो बनायौ।
भोकै बसेर मलाई खुवायौ,
निद्रा त्यागेर रातभर जाग्यौ।
मेरो सानो मुस्कानका लागि,
आफ्ना हजारौँ आँसु लुकायौ।
लड्दा हात समात्यौ,
हार्दा हौसला बढायौ।
गल्ती गर्दा सम्झायौ,
सही बाटो देखायौ।
तिमी मेरो पहिलो गुरु,
पहिलो साथी, पहिलो संसार।
तिम्रो माया बिना यो जीवन,
लाग्छ अधुरो र निराधार।
ईश्वर कहाँ छन् भन्नेहरूले,
पहिले आमाको मुहार हेरून्।
स्वर्ग कहाँ छ भन्नेहरूले,
आमाको काखमा एकपटक बसून्।
हे भगवान यति मात्र वरदान देऊ,
आमा सधैं स्वस्थ र खुसी रहून्।
उहाँको सेवा गर्ने अवसर,
जीवनभर मलाई मिलिरहोस्।
आमाको ऋण कहिल्यै तिर्न सकिन्न,
यो सत्य सधैं सम्झिरहनेछु।
जबसम्म यो सास रहन्छ,
आमाको सम्मान गर्दै बाँचिरहनेछु।



नाम: ईन्द्र कुमार महतो
ठेकाना: गौशाला नगरपालिका वडा नम्बर ८ महोत्तरी
हाल बसाई: काठमाडौं

## ।। प्रेमिकाको बिहे ।।

धमिलो आकाश, मलिन यो साँझ,
कतै सहनाई बजिरहेछ बस्तीको माझ।
जसलाई मुटुमा सजाएँ सधैं आफ्नै ठानी,
आज अर्कैकी हुँदैछन् मेरी ती सानी।
हातमा मेहन्दी, शिरमा सिन्दुर अनि रातो पहिरन,
छताछुल्ल पोखिएछ आज मेरो यो मन।
मण्डपमा लगनगाँठो कसिँदैछ रे कसैसँग,
मेरो भने संसारै उजाडियो, उडे झैं सबै रङ्ग।
तिम्रो डोली उठ्दा यहाँ मेरो मुटु जलिरहेछ,
हाँस्ने कोशिस गर्दागर्दै आँसु खसिरहेछ।
नहुनु रहेछ सँगै, सायद भाग्यकै दोष थियो,
तिमीलाई पाउनु नै कहाँ मेरो यो चोखो प्रेमको ओखती थियो?
अर्कैको सिन्दुरले तिम्रो सिउँदो सजिए पनि,
खुशी रहनु है तिमी जहाँ भए पनि।
म त यसै गरी मन बुझाएर बाँचिदिउँला,
तिम्रो बिहेको खुशियालीमा टाढैबाट मुस्काइदिउँला।



लेखक शम्भु साह (कानूनी सल्लाहकार)
ठेगाना : मीर्चैया न पा ११, सिराहा

## ।। विदेश मे ।।

बहुत हम सपना लक
ऐली विदेशमे
सपना हमर सपने रहिगेल
मरुभूमि देशमे
भोरे हम डिप्टी जाई छी
अबै छी राइतमे
खाना खैबा लेल
सेहो लगै छी हम पाँइतमे
नइ जाईन आओर कते दिन
रहब यहीं भेषमे
बड बड़ बिल्डिंग देख
झोपडी के याद करै छी हम
स्वर्ग हमर गाम सोइच
नोर बहबै छी
लोक बिच रहितो सुना
लगै अहि रेषमे
सोचैत छलौ परदेश जाक
पढ़ा लेब बौवा बुच्चीके
कहले घरी सपना
करब पुरा मायके
आब कि क पाइब हम
काम धन्धा चौपट अछि
घुइट घुइट जिन्दगी कटै छी
विदेशमे



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। कामणा ।।

नामको संग्या मात्र रहुन
जातको पुच्छरा नहोस
धर्म स्वेच्छाले सवै मानुम
मानव मानव सँग समान व्यवहार होस
कर्मको पहिचान होस महिनतको फल सवैले पाउन
अच्छरको ग्यान सबैले पाउन
थरि थरिका गुण सवैमा रहोस
तातातातो खाना सवैको नसिवमा होस
सफा लुगाफाटा सबैले लगाउन पाउन
घाम र पानिबाट बच्ने घर टहरा सवैको होस
शिच्छ्याको ज्योति सबैमा बलोस
समाजमा विकासोन्मुख नेता रहोस
देशमा सेवाप्रद अभिनेता होस
प्रशासन र कानुनबाट निम्नदेखि उच्च वर्ग सबैले समाजिक
न्याय पाउन
अआफ्नो शिपलाइ शुसोभित गरुन
सबै अभिमुखिकरण तालिम प्राप्त होस
गरिब धनिको सट्टा मा सबैको समता बराबर होस
एक अर्का को सुखदुख्खमा साथ दिउन
विपदा तथा महामारिको यस घडिमा रुखासुखा खाइ
हिलिमिलि आशावादी बनि सबै बचौ र बचाउ



कवि प्रमोद राम
जनकपुरधाम

# ‘पार्वती’को ‘नौतुना रेलैमा’ गीतमा छमछमी नाचे दीपाश्री, नीता र अञ्जली




काठमाण्डु । अभिनेत्री नीता ढुंगानाको निर्देशनमा बनेको फिल्म ‘पार्वती’को पहिलो गीत ‘नौतुना रेलैमा’ सार्वजनिक गरिएको छ । रत्यौली भाकाको यस गीतमा रचना रिमाल, सरु गौतम र सहिमा श्रेष्ठको स्वर रहेको छ भने शब्द रचना हर्क साउदको हो । गीतमा दीपक शर्माको संगीत रहेको छ । संगीत संयोजन, मिक्सिङ तथा मास्टरिङ नरेन्द्र वियोगीले गरेका हुन् ।

विवाहको समयमा महिलाहरूले खेल्ने रत्यौलीलाई प्रस्तुत गरिएको गीतको भिडियोमा नीता ढुंगाना र अञ्जली अधिकारीले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । दीपाश्री निरौला ‘लुठो’ बनेर देखिएकी छन् । सिरु विष्ट, बसुन्धरा भुसाल, आशा पौडेल, अशोक दर्जी, क्रिमसन श्रेष्ठलगायतका कलाकारहरू पनि भिडियोमा देखिएका छन् । गीतका कोरियोग्राफी रामजी लामिछाने हुन् ।

जनै पूर्णिमा तथा रक्षा बन्धनको अवसर पारेर भदौ १२ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्मलाई हरिहर अधिकारीले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्मातामा शंकर पाण्डे रहेका छन् । उनी फिल्मका प्रोडक्सन म्यानेजर पनि हुन् । फिल्ममा नीता स्वयंको कथा छ भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन् ।

नीता फिल्म्सको प्रस्तुति रहेको फिल्ममा सुदीप बरालको छायांकन, साहिल खान र मिलन श्रेष्ठको सम्पादन, एलिस कार्कीको पार्श्व संगीत, रामजी लामिछानेको नृत्य निर्देशन तथा प्रशान्त सिवाकोटी, बाबुल गिरी, सिद्धार्थ सरकार पौडेल र दीपक शर्माको संगीत समावेश छ । फिल्मले अटिजम (स्नायु विकाससम्बन्धी समस्या) भएकी युवतीको संघर्षको कथा पेस गरेको छ ।

# ९ असोजमा “हन्टर”, पोस्टरमा अटाइनन् गरिमा




काठमाण्डु । जीवन सिंहको लेखन तथा निर्देशनमा बनेको एक्सन-लभस्टोरी फिल्म ‘हन्टर’ इन्द्रजात्राको अवसर पारेर असोज ९ गतेबाट प्रदर्शनमा आउने भएको छ। शुक्रबार निर्माताले एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराएका हुन्। अब यो फिल्मको बक्स अफिसमा धीरज मगर र मिरुना मगर अभिनीत फिल्म ‘कुस्ती’सँग भिडन्त हुनेछ।

फिल्मको सार्वजनिक पोस्टरमा मुख्य पात्रहरू अरुण क्षेत्री र प्रकाश शाहलाई आमनेसामने देखाइएको छ। उनीहरू क्रुद्ध मुद्रामा देखिएका छन्। यसले अरुण र प्रकाशको फिल्ममा ठूलो टकराव हुने संकेत गर्छ। सोही पोस्टरको तल्लो भागमा अरुण क्षेत्री र सुप्रज्ञा शर्मा रोमान्टिक मुडमा देखिएका छन्। पोस्टर हेर्दा फिल्मको कथा प्रेम र बदलामा आधारित देखिन्छ।

यस फिल्ममा अभिनेत्री गरिमा शर्माको पनि मुख्य भूमिका रहेको छ। तर, पोस्टरमा भने उनी अटाएकी छैनन्। यसको कारण या त कथाको रहस्य जोगाउने प्रयास हुन सक्छ, या निर्माताले नै उनलाई प्राथमिकता नदिएका हुन सक्छन्। तर, दर्शकले चिन्ने कलाकारलाई पोस्टरमा नराख्नु फिल्मको प्रचारका हिसाबले फाइदाजनक रणनीति भने होइन ।

क्याच कक इन्टरटेनमेन्ट र ट्राइडेन्ट कन्सेप्टको प्रस्तुतिमा बनेको यस फिल्ममा सरोज खनाल, रमेश बुढाथोकी, रुजा राउत, रोशनी दाहाल, गीता अधिकारी, सुरज भण्डारी, टेकराज शर्मा, लालबहादुर थापालगायतको पनि अभिनय रहेको छ। गोविन्द राज, ममता सिंह र राज ए भट्ट निर्माता रहेको फिल्मका सह-निर्माता मनिष चन्द, युना शाही र सन्तोष आस्ना पाल हुन् । रोयल भीमसेन (भीमसेन शाही) कार्यकारी निर्माता रहेको फिल्ममा निर्देशक सिंह स्वयंको सम्पादन छ भने कृष्ण थापाको डीओपी, शुक्रराज शाहको द्वन्द्व निर्देशन, विक्रम स्वाँर र सञ्जय खिमजिमको कोरियोग्राफी तथा बाबुल गिरी, चक्र बम र महेश ताम्राकारको संगीत रहेको छ। फिल्मलाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले वितरण गर्नेछ।

फिल्मको प्रदर्शन मिति घोषणा भएसँगै यसको प्रचार अभियान पनि अब थप तीव्र हुने अपेक्षा गरिएको छ। निर्माण टिमले आगामी दिनमा टिजर, ट्रेलर, गीत तथा विभिन्न प्रचारात्मक सामग्री सार्वजनिक गर्दै दर्शकमाझ फिल्मको आकर्षण बढाउने तयारी गरेको छ। एक्सन, प्रेम र बदलाको कथालाई समेटिएको दाबी गरिएको ‘हन्टर’ले विशेषगरी युवा दर्शकलाई लक्षित गरेको देखिन्छ ।

सार्वजनिक पोस्टरले पात्रहरूबीचको द्वन्द्व र भावनात्मक सम्बन्धलाई संकेत गरेकाले फिल्मको कथावस्तुप्रति दर्शकमाझ उत्सुकता बढेको छ। इन्द्रजात्राको बिदाको अवसर पारेर प्रदर्शनमा आउनु पनि फिल्मका लागि सकारात्मक पक्ष मानिएको छ, किनभने यस अवधिमा नेपाली चलचित्र हेर्ने दर्शकको संख्या सामान्यतया बढ्ने गर्छ। अब ‘हन्टर’ले आफ्नो कथा, प्रस्तुति, प्राविधिक पक्ष र कलाकारहरूको अभिनयमार्फत दर्शकको अपेक्षा पूरा गर्न सक्छ वा सक्दैन भन्ने विषय प्रदर्शनपछि मात्र स्पष्ट हुनेछ। बक्स अफिसमा ‘कुस्ती’सँग हुने प्रतिस्पर्धाले पनि दुवै फिल्मको व्यापारिक यात्रालाई थप रोचक बनाउने अनुमान गरिएको छ।

# साढे दुई करोडको अवैध सामाग्री भन्सारमा बुझाइयो



**टुडे समाचारदाता**

लहान । सशस्त्र प्रहरी सिरहाले नेपाल-भारत सीमा क्षेत्रबाट अवैध रूपमा ओसारपसारको बरामद गरिएका साढे दुई करोड रुपियाँभन्दा बढी मूल्यका सामग्रीहरू भन्सार कार्यालयमा बुझाएको छ।

गएको जेठ महिनामा मात्रै सीमा क्षेत्रबाट बरामद गरिएको एक करोड ८२ लाख ८८ हजार ६६० रुपियाँ बराबरको अवैध सामान ठाडी भन्सार कार्यालय माडर, सिरहामा बुझाइएको छ । यसैगरी, असार महिनाको १२ गतेसम्ममा ६३ लाख ८० हजार ४८४ रुपियाँ बराबरको किराना सामान, फर्सीको बीउ, मोटर पार्टस् तथा जिन्सी सामग्रीहरू बरामद गरी कुल दुई करोड ४६ लाख ६९ हजार १४४ रुपियाँ भन्सार कार्यालय माडरमा दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

यसअघि वैशाख महिनामा पनि सीमा क्षेत्रबाट एक करोड रुपियाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरी भन्सार बुझाइएको थियो । सीमित स्रोत र साधनका बाबजुद सशस्त्र प्रहरी बल सिरहाले गत वर्षको तुलनामा यस वर्ष बढी अवैध सामान बरामद गर्न सफल भएको हो । सीमा क्षेत्रको पूर्व-पश्चिम ४६ किलोमिटर क्षेत्रमा तस्करी नियन्त्रणका लागि बढाइएको सक्रियताका कारण तस्करहरूको चलखेलमा कमी आएको छ।

सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाले विगतको तस्करीको जालोलाई भत्काउँदै दिनरात सशस्त्र प्रहरीका जवानहरूले गोप्य सूचनाका आधारमा नेपालबाट भारत र भारतबाट नेपालतर्फ अवैध रूपमा भित्र्याइने सामान नियन्त्रणमा लिइरहेको बताउनुभयो । सीमा क्षेत्रमा सशस्त्र प्रहरीले तस्करी नियन्त्रण, विपद् व्यवस्थापन र सीमा गस्तीका कार्यहरू निरन्तर गर्दै आएको छ।

खुला सिमानाका कारण हुन सक्ने सम्भावित तस्करी रोक्न सीमा क्षेत्रमा उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी २४ सै घण्टा गस्ती गर्ने गरिएको छ। यस प्रगतिलाई अझ बढी प्रभावकारी बनाउन जिल्लामा संयुक्त सुरक्षा गस्तीलाई समेत नियमित गर्ने कार्य भइरहेको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिएका छन्।

# ११ महिनामै ३२ कमको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेशमा सवारी दुर्घटनाको संख्या अझै चिन्ताजनक रहे पनि दुर्घटनाबाट हुने मानवीय क्षतिमा भने कमी आएको देखिएको छ।

चालु आर्थिक वर्षको पहिलो ११ महिनामा गत वर्षको सोही अवधिको तुलनामा दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या ३२ ले घटेको छ भने घाइते हुनेको संख्या १५५ ले कमी आएको छ।

प्रादेशिक ट्राफिक प्रहरी कार्यालय पथलैयाको तथ्यांकअनुसार चालु आर्थिक वर्षको जेठ मसान्तसम्म प्रदेशभर ७ हजार ३१७ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ४८५ जनाको मृत्यु भएको छ भने १० हजार ९५७ जना घाइते भएका छन्।

गत आर्थिक वर्षको ११ महिनाको अवधिमा भने ५१७ जनाले ज्यान गुमाएका थिए भने ११ हजार ११२ जना घाइते भएका थिए। पूरा आर्थिक वर्षमा ७ हजार ४४३ दुर्घटनामा ५६४ जनाको मृत्यु तथा १२ हजार १२३ जना घाइते भएका थिए।

प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रवक्ता डीएसपी नवराज न्यौपानेका अनुसार दुर्घटनाको संख्या अपेक्षाकृत उच्च रहे पनि मृतक र घाइतेको संख्या घट्नु ट्राफिक व्यवस्थापन र सचेतनाको सकारात्मक परिणाम हो।




ट्राफिक नियम उल्लंघनविरुद्धको कारबाही पनि निरन्तर जारी रहेको कार्यालयले जनाएको छ। गत आर्थिक वर्षमा २ लाख ८ हजार ३९ सवारीसाधनमाथि कारबाही गरी १८ करोड ३७ लाख ९१ हजार १५९ रुपैयाँ राजस्व संकलन गरिएको थियो । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म १ लाख ८५९ वटा कारबाहीबाट १० करोड १३ लाख १८ हजार १५९ रुपैयाँ राजस्व संकलन भएको छ।

यातायात व्यवस्था कार्यालयमार्फत हुने कारबाहीमा भने उल्लेखनीय वृद्धि देखिएको छ । गत आर्थिक वर्षमा ८६ सवारीसाधनमाथि कारबाही हुँदा १५ लाख ५३ हजार ९७७ रुपैयाँ राजस्व संकलन भएको थियो। चालु आर्थिक वर्षको ११ महिनामै ६३३ सवारीसाधनमाथि कारबाही गरी १ करोड १२ लाख ४६ हजार ५९९ रुपैयाँ राजस्व संकलन गरिएको प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

तथ्यांकले दुर्घटनाको प्रमुख कारण अझै पनि मानवीय लापरबाही नै रहेको देखाएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म भएका ७ हजार ३१७ दुर्घटनामध्ये ७ हजार २०० दुर्घटना चालकको असावधानी, तीव्र गति, ओभरटेक, ट्राफिक नियमको उल्लंघन तथा अन्य मानवीय त्रुटिका कारण भएको उल्लेख छ।

दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले चालक, यात्रु तथा सर्वसाधारणलाई लक्षित गरी सडक सुरक्षा सचेतना कार्यक्रम, ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन र नियमित अनुगमनलाई थप प्रभावकारी बनाइएको जनाएको छ।

# वीरगञ्ज चिनी मिल संचालन गर्न माग

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्ज चिनी कारखानालाई तत्काल पुनः सञ्चालन गर्न नेपाली कम्युनिस्ट पार्टीकी सांसद उर्मिला अर्यालले सरकारलाई ध्यानाकर्षण गराएकी छन्।

शुक्रबार बसेको राष्ट्रिय सभा बैठकमा विशेष समय लिएर बोल्दै उनले राष्ट्रिय चिनी नीति र कारखाना सञ्चालनका लागि रुसले राखेको प्रस्तावका विषयमा सरकारको प्रष्ट पार्न भन्दै संचालनको माग गरिन्।

सांसद अर्यालले वीरगञ्ज चिनी कारखानालाई राष्ट्रिय धरोहरका रूपमा चित्रण गर्दै यसको पुनरुत्थानले मधेश प्रदेशको आर्थिक अवस्था र राष्ट्रिय आयमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरिन् । शोभियत संघको सहयोगमा सन् १९६४ मा स्थापना भएको यो कारखाना हाल नीतिगत त्रुटि र कुव्यवस्थापनका कारण धराशायी भएको उनको भनाइ थियो।

मुलुकमा चिनीको वर्तमान अवस्थाबारे तथ्यांक प्रस्तुत गर्दै अर्यालले हाल वार्षिक २ लाख ७० हजार मेट्रिक टन चिनीको माग रहेको जानकारी दिइन्।

जसमा घरायसी प्रयोगका लागि १ लाख ७५ हजार र औद्योगिक क्षेत्रका लागि ९५ हजार मेट्रिक टन आवश्यक छ। आगामी एक दशकमा यो माग बढेर ४ लाख ४० हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ। सांसद अर्यालले वीरगञ्ज चिनी कारखानालाई ५ हजार 'टिसीडी' (टन पर डे) क्षमताको बहुउद्देश्यीय उद्योगका रूपमा विकास गर्नुपर्ने प्रस्ताव गरिन् । यसका लागि साढे ५ देखि साढे ६ अर्ब रुपैयाँ लगानी आवश्यक पर्ने र यसबाट ३५ हजार व्यक्तिले प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी पाउने उनले बताइन्।



उनले भनिन्, 'वर्तमानमा स्वदेशी उत्पादन करिब १ लाख २० हजार मेट्रिक टन मात्र छ, जसका कारण झन्डै १ लाख ५० हजार मेट्रिक टन चिनी आयात गर्नुपर्ने बाध्यता छ । भारतले चिनी निर्यातमा लगाएको प्रतिवन्ध र अन्तर्राष्ट्रिय बजारको अस्थिरताका कारण नेपालले चिनी अभाव र मूल्यवृद्धिको जोखिम झेलिरहनुपरेको छ।' कारखाना पुनः सञ्चालन भएमा चिनीका अतिरिक्त ५० हजार लिटर बायोइथानोल, २५ मेगावाट विद्युत र २४ हजार टन जैविक मल उत्पादन गर्न सकिने सम्भावना उनले औंल्याइन्। वीरगञ्ज चिनी कारखानासँग रहेको ६४ बिघा औद्योगिक क्षेत्र र सिमरास्थित ७९० बिघा उखु फार्म लगायतका सम्पतीको संरक्षण र सदुपयोग गर्नुपर्नेमा उनको जोड थियो।

नेपालमा हाल चिनी मिलहरूको क्षमता उपयोग दर ४५ देखि ४८ प्रतिशत मात्र रहेको र सुगर रिकभरी रेट (८-९ प्रतिशत) पनि विश्वव्यापी औसत (१२-१४ प्रतिशत) भन्दा कम रहेको भन्दै प्रविधिमा सुधार गर्नुपर्नेमा उनले जोड दिए।

# जीतपुरसिमरा उद्योग वाणिज्य संघको नयाँ नेतृत्वद्वारा पदभार

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको तेस्रो अधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिको सपथ ग्रहण तथा पदभार ग्रहण कार्यक्रम जीतपुर स्थित संघको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष गजेन्द्रकुमार गुप्तासहित पदाधिकारी तथा सदस्यहरूले सपथ ग्रहण गर्दै औपचारिक रूपमा आफ्नो कार्यकाल सुरु गरेका हुन्।

वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपाल तथा वरिष्ठ उद्योगपति एवं पूर्व अध्यक्ष गणेश लाठको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख निर्वाचन अधिकृत शरदचन्द्र भट्टराईले नवनिर्वाचित अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुका साथै निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको थियो।



त्यसपछि निवर्तमान अध्यक्ष शर्माले नवनिर्वाचित अध्यक्ष गुप्तालाई पदभार हस्तान्तरण गरेको थियो । नवनिर्वाचित पदाधिकारीहरूमा वरिष्ठ उपाध्यक्ष शिवजीप्रसाद साह सोनार, वाणिज्य उपाध्यक्ष रामबाबु कलवार, महासचिव प्रकाश गिरी, कोषाध्यक्ष रिना रौनियार पुरी तथा वाणिज्य सचिव रिता कँडेल रहेका छन्।

त्यस्तै वाणिज्यतर्फ निर्वाचित सदस्यहरू अमरेन्द्रकुमार साह कलवार, विभा गुप्ता, मुकुन्द रिजाल, बलराम पौडेल, विजयकुमार गुप्ता, नवरत्नप्रसाद कलवार र मनोहरबाबु गुप्तालगायत सदस्यहरूले पनि सपथ ग्रहण गरी पदभार सम्हालेका छन्।

पदभार ग्रहणसँगै नवनिर्वाचित अध्यक्ष गजेन्द्रकुमार गुप्ताले व्यवसायीहरूको हितलाई केन्द्रमा राखेर महत्वपूर्ण निर्णय सार्वजनिक गरे । उनले संघको तेस्रो अधिवेशनका लागि सदस्यता नवीकरण गरेका ९५७ जना सदस्य व्यवसायीलाई प्रतिव्यक्ति एक लाख रुपैयाँसम्मको दुर्घटना बीमा सुविधा उपलब्ध गराइने घोषणा गरे।

सम्बन्धित बीमा कम्पनीसँग सम्झौता सम्पन्न भइसकेको र उक्त बीमा योजना असार १४ गतेदेखि लागू हुने जानकारी उनले जानकारी दिए। अध्यक्ष गुप्ताले साना तथा मझौला व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाको कर्जा, बजारको मन्दी, घट्दो आर्थिक गतिविधि, लगानीको असुरक्षा तथा निजी क्षेत्रलाई आतंकित बनाउने गतिविधिबाट प्रभावित भइरहेको उल्लेख गर्दै सम्बन्धित निकायसँग सहकार्य गरी यस्ता समस्याको समाधानका लागि सक्रिय पहल गरिने बताए।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष गुप्ताद्वारा निर्वाचन समितिलाई प्रशंसापत्र प्रदान गरिएको थियो । उद्योगी, व्यवसायी, संघका पूर्व पदाधिकारी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको कार्यक्रममा नयाँ नेतृत्वप्रति आशा र विश्वास व्यक्त गरिएको थियो।

# सुरक्षा निकायको साझा अपिल

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा बढ्दो लागुऔषध दुर्व्यसन र अवैध ओसारपसार नियन्त्रणका लागि सुरक्षा निकाय, स्थानीय तह, शैक्षिक संस्था, अभिभावक र समुदायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको सरोकारवालाले बताएका छन्।

अन्तर्राष्ट्रिय लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्ध दिवसको अवसरमा 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रमअन्तर्गत आयोजित सचेतना कार्यक्रममा वक्ताहरूले लागुऔषध नियन्त्रण प्रहरीको मात्र जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा दायित्व भएकोमा जोड दिएका हुन्।

कार्यक्रमका प्रमुख अतिथि सिडियो दिनेश सागर भुसालले लागुऔषध दुर्व्यसनले विशेषगरी युवा पुस्तालाई गम्भीर रूपमा प्रभावित गरिरहेको भन्दै यसको नियन्त्रणका लागि समुदाय, अभिभावक, विद्यालय तथा सबै सरोकारवालाको सक्रिय सहभागिता अपरिहार्य रहेको बताएका छन्।



'प्रहरीले मात्र यो लडाइँ जित्न सक्दैन। समाजका सबै पक्ष एकजुट भएर लागुऔषधविरुद्ध अभियान सञ्चालन गर्नुपर्छ,' उनले बताएका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सीताराम रिजालले विद्यालय र कलेज तहदेखि नै लागुऔषधविरुद्ध सचेतनामूलक कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए। युवालाई समयमै सचेत बनाउन नसके समस्या झन् जटिल बन्दै जाने उनको भनाइ थियो।

सशस्त्र प्रहरी बल नेपाल नं. ११ गणका प्रमुख एसपी रामहरी अधिकारीले आफ्नै वरपर हुने शंकास्पद गतिविधिप्रति नागरिक सचेत रहन र त्यस्ता गतिविधिबारे तत्काल सुरक्षा निकायलाई जानकारी गराउन आग्रह गरेका छन् । समुदायको सहयोगबिना लागुऔषध नियन्त्रण अभियान प्रभावकारी हुन नसक्ने उनको भनाइ थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले लागुऔषध दुर्व्यसनमा फसेका व्यक्तिलाई केवल अपराधीका रूपमा नभई उपचार, परामर्श र पुनर्स्थापना आवश्यक पर्ने व्यक्तिका रूपमा हेर्नुपर्ने धारणा राखेका छन्। उनीहरूको पुनर्स्थापनाका लागि परिवार, समुदाय र सम्बन्धित निकायबीच समन्वय अझ प्रभावकारी बनाउनुपर्नेमा समेत जोड दिइएको थियो।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय तह, विभिन्न संघसंस्था, शिक्षक, विद्यार्थी तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको कार्यक्रममा 'लागुऔषधमुक्त समाज निर्माण' का लागि सबै पक्षले साझा प्रतिबद्धता जनाएका थिए।

# ३२ वर्षदेखि कारागारको जग्गा अतिक्रमित

**टुडे समाचारदाता**

राजविराज । करीब ३२ वर्षदेखि सप्तरीको राजविराजस्थित कारागार कार्यालयको डेढ विघाभन्दा बढी जग्गा अतिक्रमित छन् । कारागारको जग्गामा निजी घर, टहरा तथा झुप्रा निर्माण गरी एक सयभन्दा बढी परिवार बसोबास गर्दै आएका छन्।

सम्बन्धित निकायले विभिन्न समयमा अतिक्रमण हटाउन पहल गरेपनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा अतिक्रमण झन् बढदै गएको छ । कारागार कार्यालय सप्तरीका अनुसार मालपोत कार्यालयले २०५१ असार १७ गते जारी गरेको जग्गाधनी प्रमाणपूर्जामा साविक राजविराज नगरपालिका -७ (हाल वडा नं. ६) स्थित कित्ता नं. ६६ को दुई विघा १३ कठ्ठा १९ धुर जग्गा कारागार शाखाको नाममा दर्ता रहेको छ।

हाल उक्त जग्गामध्ये एक विघा सात कठ्ठा सात धुर मात्र कारागार कार्यालयको प्रत्यक्ष उपभोगमा रहेको छ। बाँकी एक विघा छ कठ्ठा १२ धुर जग्गा अतिक्रमणमा परेको कार्यालयले जनाएको छ।

कारागार कार्यालयका प्रमुख रुपक मण्डलका अनुसार तीन दशकभन्दा बढी समयदेखि सरकारी जग्गामा बसोबास भइरहेको छ। अतिक्रमित क्षेत्र खाली गराउन पटक-पटक सूचना जारी गरियो, पत्राचार गरियो तर कुनै प्रभावकारी सुनुवाइ भएन।

स्थानीयवासीका अनुसार तीन दशकअघि नै कारागारको जग्गामा करिब एकसय घर तथा झुप्रा निर्माण भइसकेका थिए । त्यस यता नयाँ पुस्ता र आफन्तसमेत थपिँदै गएपछि घर टहराको संख्या बढेको छ। अहिले अतिक्रमित क्षेत्रमा एक सयभन्दा बढी घर, टहरा तथा झुप्रा रहेको अनुमान गरिएको छ। कतिपयले पक्की घर समेत निर्माण गरिसकेका छन्।

२०५८ जेठ १८ गते नापी टोलीले तयार गरेको नापनक्सा तथा नामावली प्रतिवेदनमा पनि कारागारको नाममा रहेको उक्त जग्गामध्ये एक विघा छ कठ्ठा १२ धुर क्षेत्रफलमा ८५ जनाले कब्जा गरेको उल्लेख गरिएको थियो। प्रतिवेदनमा केही व्यक्तिले घर तथा टहरा निर्माण गरेको र केहीले खाली जग्गासमेत ओगटेर राखेको विवरण समावेश छ।

२०५८ पुस २ गते तत्कालीन प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेले अतिक्रमित क्षेत्र खाली गराउने प्रयास गर्नुभएको थियो । तर




स्थानीय विरोधका कारण अभियान सफल हुन सकेन । त्यसपछि २०६१ सालमा तत्कालीन प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेलको पहलमा जिल्ला मालपोत कार्यालयका तत्कालीनप्रमुखशिवराजसापकोटाको संयोजकत्वमा अतिक्रमण हटाउन विशेष समिति गठन गरिएको थियो।

समितिमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र राजविराज नगरपालिकाका प्रतिनिधि सहभागी थियो । समितिले कानुनी प्रक्रिया अगाडि बढाएर अतिक्रमण हटाउने तयारी गरे पनि प्रभावित परिवारहरूले आन्दोलन थालेपछि अभियान प्रभावहीन बनेको थियो।

त्यसयता गृह मन्त्रालय तथा कारागार विभागबाट समेत अतिक्रमण हटाउन निर्देशनसहित पत्राचार भए तापनि कार्यान्वयनको अवस्था सन्तोषजनक देखिएको छैन। तत्कालीन पुनरावेदन अदालत राजविराजले २०६७ असोजमा कारागारको जग्गामा निर्माण गरिएका घर टहरा हटाउन आदेश दिएको थियो । तर सम्बन्धित निकायबाट आदेश कार्यान्वयनका लागि ठोस कदम नचालिँदा अदालतको आदेश कागजमै सीमित भएको देखिन्छ।

नापी कार्यालय सप्तरीले २०६७ असोज २५ गते साविकको कित्ता नं. ६६ लाई विभाजन गरी दुईवटा नयाँ कित्ता कायम गरेको थियो। कार्यालयले मालपोत कार्यालयलाई पठाएको पत्रअनुसार कि. नं. १०२१ कायम गरी पाँच कठ्ठा २.२५ धुर जग्गा वैधनाथ तथा बाटो प्रयोजनका लागि छुट्याइएको थियो । कि. नं. १०२२ कायम गरी बाँकी दुई विघा आठ कठ्ठा १६.७५ धुर जग्गा कारागारको नाममा कायम गरिएको छ।

सोही आधारमा भूमिसुधार तथा मालपोत कार्यालयले २०७६ माघ ८ गते श्रेस्ता उतार नक्साअनुसार जग्गाधनी दर्ता प्रमाणपत्र प्रदान गरेको कारागार कार्यालयले जनाएको छ । अतिक्रमित क्षेत्रमा बसोबास गर्दैआएका स्थानीयवासीले आफूहरू वर्षौंदेखि त्यहाँ बस्दैआएकाले एकाएक हटाउन खोजिए जीविकोपार्जन र आवासको समस्या सिर्जना हुने बताएका छन् । उनीहरूले लामो समयदेखि भोगचलन गर्दैआएको र राज्यले कुनै वैकल्पिक व्यवस्थाबिना हटाउन नहुने धारणा व्यक्त गरेका छन्।

सप्तरीको प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले आफू हालै मात्र जिल्लामा आएको बताउँदै कारागारसहित विभिन्न सरकारी कार्यालयका अतिक्रमित जग्गाबारे अध्ययन भइरहेको जानकारी दिएका छन।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

ओमकार बिल्डर्स काठमाण्डौंको कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०८३/०३/०१ गते निर्णयानुसार ओमकार बिल्डर्सको नाम सेवा इन्फ्रास्ट्रक्चर नाम परिवर्तन भएको हुदाँ साविकको कम्पनीको नामबाट श्रृज्ना भएको वा साविकको कम्पनीको नाममा रहेको चल/अचल सम्पत्ति तथा तिर्न व्यहोर्ने कर दायित्व आदि सम्पूर्ण परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सेवा इन्फ्रास्ट्रक्चर**
**काठमाण्डौं महानगरपालिका – १०, काठमाण्डौं**
**सम्पर्क नं. ९८५१०१०८८५**



## भूमि प्रशासन कार्यालय गौर, रौतहट
## नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साविक गा.वि.स. पचरुखी वडा -३ हाल दुर्गा भगवती गा.पा.-४ मा बस्ने रामधारी कापडको छोराबुहारी सीताराम रायको छोरी महन्थ कापड यादवको पत्नि सुन्दर देवी यादवनी र जिल्ला रौतहट साविक गा.वि.स.सखुआवा वडा न.४ हाल माधव नारायण ना.पा.-३ मा बस्ने मखन राय यादवको नाति सरफलाल प्रसाद यादवको छोरा विनोद कुमार प्रसाद यादव समेत-२ जनाले आफ्नो बुवा/आमापट्टिको हजुरबुवा नाता पर्ने भुखल राय यादवको नाति दुलाल राय यादवको छोरा सीताराम ग्वारको नाउँमा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको नामसारी गरी पाउँ भनी माँग गरेकोमा मोठ भिडान हुदाँ सिताराम ग्वारको नाउँमा मोठ कायम रही रोका नदेखिएको साथै तिनपुस्ते नरही दर्तावालाको नाम सिताराम ग्वार, सिताराम राय यादव र सिताराम राय फरक फरक नाम रहेको साथै दा.खा.मि.नं.११९८ मिति-०५९/०१/०५ गतेमा मोठभिडेको भनी मोठ फाँटबाट लेखिआएको साथै यमुनामाई गा.पा.-५ को चलानी नं.८१७ मिति २०८३/०२/२८ गतेको सिफारिसमा हकवाला सुन्दर देवी यादवनी र विनोद कुमार प्रसाद यादवको नाउँमा संयुक्त नामसारी गरिदिने भनि किटानी सिफारिस साथै यमुनामाई गा.पा.-५ को चलानी नं.८५० मिति-२०८३/०३/११ गतेको हकमोग सिफारिस समेत भई आएकोमा सोको माँग बमोजिम नामसारी सम्बन्धी हकदाबी बारे सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८३/०३/११ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा मोठ श्रेस्ता कायम गरी नामसारी हुनु नपर्ने कारण भए स-प्रमाण सहित आफु वा रित पुर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम दा.खा.मि.नं.११९८ मिति-२०५९/०१/०५ भिडेको कट्टा माग बमोजिम नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | झुनखुन्वा | ८ | १६७ | ०-२-१५ | सिताराम ग्वार झुनखुन्वा-८ मात्र। |

